# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०६।१३ गते।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

जिल्ला लमजुङ, राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका तत्कालीन रोजगार संयोजकले आ.ब. २०७६/०७७ को प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि पेश्की लिएको र निजको जिम्मामा ल्यापटप लगायतका अन्य सरकारी सम्पत्ति रहेकोमा निजले पेश्की फरफारक तथा जिन्सी सामान बरबुझारथ नगरेकोले निजलाई आवश्यक कारवाही हुन भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आ.ब. २०७६/०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत राइनास नगरपालिकाका सूचीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट शर्तहरूसहित रू.१६,७२,०००।- (सोह्र लाख बहत्तर हजार रूपैयाँ) सशर्त अनुदान उपलब्ध गराएकोमा राइनास नगरपालिकाका तत्कालीन रोजगार संयोजक शेखरनाथ न्यौपानेसमेतका प्रतिवादीहरूले सरकारी सम्पत्ति हिनामिना, दुरूपयोग हानिनोक्सानी गर्ने र आफुहरूले गैरकानुनी रुपमा लाभ लिने बदनियतले आर्थिक बर्षको अन्तिम दिन प्रचलित कानुनको बर्खिलाप हुने गरी संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने सशर्त अनुदानस्वरूप प्राप्त रकम रू.१६,७२,०००।- फिर्ता नगरी तत्कालीन रोजगार संयोजकले पेश्की लिई सो रकम अन्य प्रतिवादीहरूको खातामा रकम जम्मा गरी उक्त रकमबाट तोकिएको कार्यक्रम सञ्चालन नै नगरी उक्त रकम हालसम्म फछ्यौंट नगरेको तथा उक्त पेश्की लिएको रकमको कुनै पनि काम भए गरेकोसमेत नदेखिएको साथै निज तत्कालीन रोजगार संयोजक शेखरनाथ न्यौपानेले आफू रोजगार संयोजक पदमा बहाल रहँदा राइनास नगरपालिकाबाट मिति २०७६/०१/१६ मा बुझिलिएका एक थान ल्यापटप, एक थान प्रिन्टर र एक थान क्यामेरा निज मिति २०७७/०७/०१ देखि सो कार्यालयबाट बर्खास्त भएतापनि हालसम्म बरबुझारथ गरे गराएको नदेखिँदा उक्त सामानको परल मूल्य रू.१,६७,२५६।— (एकलाख सतसठ्ठी हजार दुईसय छपन्न रूपैयाँ) समेत हानिनोक्सानी गरे गराएको पुष्टि भएको हुँदा प्रतिबादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले निज प्रतिवादीहरूलाई देहायबमोजिम कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्र स | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | राइनास नगरपालिकाका तत्कालीन रोजगार संयोजक **शेखरनाथ न्यौपाने** | रू.१८,३९,२५६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो अठार लाख उनन्चालीस हजार दुई सय छपन्न रूपैयाँ कायम गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय |

| | | | |
|---|---|---|---|
| | | | गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | राइनास नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **रामचन्द्र अधिकारी** र तत्कालीन लेखापाल **नविन कुमार बराल** | रू.१६,७२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो सोह्र लाख बहत्तर हजार रूपैयाँ कायम गरी सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | राइनास नगरपालिकाका वडा नं. १ का तत्कालीन वडा अध्यक्ष **रमेश न्यौपाने** | रू.८९,१८५।— | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो उनानब्बे हजार एक सय पचासी रूपैयाँ कायम गरी सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन (पहिलो संशोधन सहित), २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | राइनास नगरपालिकाका वडा नं. ३ का तत्कालीन वडा सदस्य **ओजराज पौडेल** | रू.२,९९,६६२।— | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो दुई लाख उनान्सय हजार छ सय बैसठ्ठी कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोसन सहित) को दफा ३ उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | राइनास नगरपालिकाका वडा नं. ४ का तत्कालीन वडा अध्यक्ष **जैमान गुरूङ** | रू.१,२४,८५९।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एक लाख चौबीस हजार आठ सय उनान्साठी रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | राइनास नगरपालिकाका वडा नं. ५ का | रू.८२,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम बिगो बयासी हजार |

| | | | |
|---|---|---|---|
| | तत्कालीन वडा अध्यक्ष **नन्द बहादुर कुमाल** | | पचास रूपैयाँ कायम गरी भ्ष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो शंशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ७. | राइनास नगरपालिकाका वडा नं. ६ का तत्कालीन वडा अध्यक्ष **रूक बहादुर तामाङ गुरूङ** | रू.२,३९,०१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम बिगो दुई लाख उनन्चालीस हजार सोह्र रूपैयाँ कायम गरी भ्ष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ८. | राइनास नगरपालिकाका वडा नं. ८ का तत्कालीन वडा अध्यक्ष **कृष्ण प्रसाद लामिछाने** | रू.१,२१,२९२।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम बिगो एक लाख एक्काईस हजार दुई सय बयानब्बे रूपैयाँ कायम गरी भ्ष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन,२०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय र सोही भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा (३) को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ९. | राइनास नगरपालिकाका वडा नं. ७ का तत्कालीन वडा अध्यक्ष **माधव प्रसाद पराजुली** | रू.२,५३,२८६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम बिगो दुई लाख त्रिपन्न हजार दुईसय छयासी रूपैयाँ कायम गरी भ्ष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने